स्थानीय राजपत्र

# सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या १

## सरुमारानी गाउँपालिका शिक्षा ऐन, २०७५

सम्वत २०७५ सालको ऐन नं.१

प्रमाणीकरण र प्रकाशन मिति २०७५।०३।२४

**प्रस्तावना :-**

राष्ट्रिय विकास तथा सरुमारानी गाँउपालिकाका लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधरण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न सरुमारानी गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई संचालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै सबै बालबालिकालाई शिक्षाको पहूँचमा ल्याई गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(१) बमोजिम सरुमारानी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस ऐनको नाम **"सरुमारानी गाउँपालिका शिक्षा ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन सरुमारानी गाउँपालिका भित्र लागू हुनेछ ।

(३)यो ऐन सरुमारानी गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :-**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) **पूर्व प्राथमिक विद्यालय** भन्नाले चार बर्ष उमेर पूरा गरेका बालबालिका लाई दिइने एक बर्षको शिक्षा भन्ने सम्झनु पर्छ ।

(ख) **प्राथमिक शिक्षा** भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) **आधारभूत शिक्षा** भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ)**माध्यमिक शिक्षा** भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ)**विशेष शिक्षा** भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(च)**समावेशी शिक्षा** भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिइने शिक्षा,

(२)सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(छ) **सामुदायिक विद्यालय** भन्नाले संघीय सरकार, प्रदेश सरकार र सरुमारानी गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(ज) **संस्थागत विद्यालय** भन्नाले संघीय सरकार, प्रदेश सरकार र सरुमारानी गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) **आधारभूत विद्यालय** भन्नाले खण्ड ग बमोजिम शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

**(ञ) विद्यालय शिक्षा** भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ट) **परिषद्** भन्नाले दफा (१३) बमोजिम गठित गाउँ शिक्षा परिषद् सम्झनुपर्छ ।

(ठ) **विद्यालय** भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ड) **प्राथमिक विद्यालय** भन्नाले खण्ड (ख) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

**(ढ) माध्यमिक विद्यालय** भन्नाले खण्ड (ग) र (घ) वा खण्ड (घ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ण) **शिक्षक** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(त) **अभिभावक** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा (२६) को प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(थ) **कर्मचारी** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(द) **माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा** भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ध) **आधारभूत शिक्षा उत्तीर्ण परीक्षा** भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(न) **अनुमति** भन्नाले संघ,प्रदेश र गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको गाउँपालिका भित्रको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(प) **स्वीकृति** भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई संघ,प्रदेश र गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउछ ।

(फ) **आवासीय विद्यालय** भन्नाले संघ,प्रदेश र गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालय सम्झनुपर्छ ।

(ब) **शैक्षिक गुठी** भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको **सार्वजनिक वा निजी**गुठी सम्झनुपर्छ ।

(भ) **मन्त्रालय** भन्नाले संघीय तथा प्रदेश स्तरमा शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

## ३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :-

(१) कुनै नेपाली नागरिक वा समुदायले कम्पनी वा सामुदायिक वा शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा समितिको सिफारिस सहित तोकिएको अधिकृत समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिका वा शिक्षा अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा गाउँपालिका वा शिक्षा अधिकृतले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुदाँका बखत कम्पनीको रुपमा संचालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न तोकिएको अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय संचालन गर्न स्वीकृति दिइने छ ।

(६) उपदफा (२),(३) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई कम्पनी वा **शैक्षिक गुठी**को रुपमा संचालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएको विद्यालय ।

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संचालन भएको विद्यालय ।

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएको सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई संचालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक संगठित संस्थाको रुपमा हुनपर्ने ।

(ख) शैक्षिक गुठी संचालन गर्दा संचालक बोर्डमा सार्वजनिक गुठी भए कम्तीमा ५ जना र निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्ने ।

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका संचालकले आफ्नो जीवनकालमै वा शेष पछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने,

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँ कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी विद्यालय संचालन गर्न चाहेमा शिक्षा अधिकृतबाट स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम संचालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) उपदफा (७), (८) र (९) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन,

तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा संघीय सरकारसंग सम्झौता भई अनुमति लिई आएमा संघीय सरकारले तोकेको शर्त बमोजिम गाउँपालिकाले अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(११) उपदफा १० बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय संचालन नगरेको पाइएमा गाउँपालिकाले जुन सुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

(१२) उपदफा १० बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयका सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुने छैन ।

**४. विद्यालयको संचालन** : विद्यालयको संचालन तोकिए बमोजिम हुनेछ ।

## ५. परीक्षा समितिको गठन :

१) आधारभुत शिक्षा परीक्षाको संचालन , समन्वय , अनुगमन र व्यवस्थापन गर्न एक परीक्षा समिति रहनेछ ।

२) परीक्षा समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत
अध्यक्ष

ख) माध्यमिक विद्यालय तथा आधारभूत तहका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी गाउँकार्यपालिकाबाट मनोनित तीन जना
सदस्य

ग) शिक्षा विदहरु मध्येबाट गाउँकार्यपालिकाबाट मनोनित गरेको कम्तीमा एक जना महिला पर्ने गरी दुई जना

सदस्य
घ) संस्थागत विद्यालयका शिक्षकहरुमध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एक जना सदस्य

ङ) गाउँ कार्यपालिकाको श्रोतव्यक्ति सदस्य

च) गाउँ कार्यपालिकाको शिक्षा अधिकृत सदस्य सचिव

## ६. परीक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) परीक्षा संचालन सम्बन्धी नीति निर्धारण गर्ने ।

ख) परीक्षा केन्द्र तोक्ने आधार निर्धारण गर्ने ।

ग) परीक्षा केन्द्र तोक्ने ।

घ) परीक्षा संचालन गराउने ।

ङ) परीक्षाको आवेदन फारम भर्ने, भराउने ।

च) परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिहरुको पारिश्रमिक तथा भत्ता निर्धारण गर्ने ।

छ) परीक्षाफल प्रकाशित गर्ने र तोकिएको ग्रेड प्राप्त गर्ने विद्यार्थीलाई ग्रेड सिट उपलब्ध गराउने ।

ज) परीक्षा सम्बन्धी नियम उल्लंघन गर्ने शिक्षक तथा कर्मचारीलाई आवश्यक कारवाही गर्ने ।

झ) कुनै परीक्षा केन्द्रमा अनियमित कार्यभएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने ।

ञ) प्रकोप वा अन्य कुनै कारणबाट तोकिएको समयमा परीक्षा संचालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्त आवश्यक निर्णय गर्ने ।

ट) परीक्षाको परीक्षाफल प्रकाशित भएको छ महिना पछि नियमित प्रकृया अपनाई उत्तर पुस्तिका धुल्याउने ।

ठ) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार शिक्षा अधिकृतलाई सुम्पन सक्नेछ ।

## ७.परीक्षा समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

आधारभूत तहको परीक्षा समितिको सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रश्न पत्र निर्माण र उत्तर पुस्तिका परीक्षणको व्यवस्था मिलाउने ।

ख) आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार परीक्षा समितिको कुनै सदस्यलाई सुम्पन सक्ने ।

ग) परीक्षा संचालन सम्बन्धमा परीक्षा समिति वा सो समितिको अध्यक्षको निर्देशन बमोजिम काम गर्ने ।

## ८.माध्यमिक शिक्षा परीक्षा :-

(क) माध्यमिक शिक्षा परीक्षा संघीय शिक्षा ऐन बमोजिम हुनेछ

(ख) माध्यमिक शिक्षा परीक्षा सम्बन्धि अन्य व्यवस्था संघीय कानूनले तोकेबमोजिम हुनेछ ।

## ९. परीक्षाको परिचालन र नियन्त्रण :-

(क) प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा र आधारभूत शिक्षा उर्त्तीण परीक्षाको परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

(ख) आधारभूत तहको अन्त्यमा हुने परीक्षा गाउँपालिका स्तरमा संचालन हुनेछ ।

**१०.माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षाको देहाय प्रकार हुनेछन ।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यवहारिक अभ्यास गराईनेछ ।

## ११. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धि व्यवस्था :

(१) गाउँ कार्यपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा संचालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा संचालन गर्न चाहेमा गाउँ कार्यपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा संचालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको संचालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टियूक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको संचालन तोकिए बमोजिम हुनेछ ।

## १२. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) प्राथमिक शिक्षा मातृ भाषामा दिन सकिने छ ।

(ख) गैर नेपाली नागरिकले गाउँपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

## १३. परिषद सम्बन्धी व्यवस्था :

(१) शिक्षा सम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा गाउँपालिकालाई सल्लाह तथा सुझाव दिने काम समेतको लागि एक गाउँ शिक्षा परिषद् रहनेछ ।

(२) परिषदको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँ कार्यपालिकाका सामाजिक विकास समितिका संयोजक — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) गाउँपालिका भित्रका शिक्षक महासंघका अध्यक्ष — सदस्य

(घ) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यहरु मध्येबाट गाउँपालिका शिक्षा समितिबाट मनोनित एक जना महिला सहित दुई जना
सदस्य

(ङ) गाउँपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(च) गाउँपालिका भित्रका शिक्षाविदहरुमध्येबाट एक जना महिला पर्ने गरी गाउँकार्यपालिकाबाट मनोनीत दुई जना

सदस्य

(छ)) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट एक जना महिला सहित गाउँ कार्यपालिकाबाट मनोनीत दुई जना सदस्य

(ज) अभिभावकहरुमध्येबाट गाउँ कार्यपालीकाबाट मनोनित एक जना सदस्य

(झ) संस्थागत विद्यालयका संचालकहरु मध्येबाट गाउँ कार्यपालीकाका अध्यक्षबाट मनोनीत एक जना सदस्य

(ञ) गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट एक जना दलित महिला सहित गाउँ कार्यपालिकाबाट तोकिएका दुई जना

सदस्य

(ट) गाउँपालिका स्तरीय अपाङ्ग संजाल प्रतिनिधि सदस्य

(ठ) शिक्षा इकाई श्रोतव्यक्ति सदस्य

(ड) गाउँपालिकाको शिक्षा अधिकृत सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्को कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी इमानदारीपूर्वक पूरा नगरेको भनी परिषद्बाट गठित छानविन समितिले सिफारिस गरेमा गाउँ कार्यपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(५) परिषद्को सचिबालय गाउँ पालिकाको कार्यलयमा रहने छ ।

(६) परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १४.शैक्षिक गुणस्तर परीक्षण केन्द्र

(१) विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने छ ।

(२) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक अध्यक्ष

(ख) गाउँपालिकाले गाउँ कार्यपालिकाका सदस्यहरुबाट तोकेको एक जना सदस्य

(ग) गाउँपालिका शिक्षा इकाई शाखा अधिकृत सदस्य

(घ) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट मनोनीत माध्यमिक विद्यालयको प्र.अ.एक जना सदस्य

(ङ) गाउँपालिकाको श्रोतव्यक्ति सदस्य-सचिव

(३) उपदफा २ बमोजिम शैक्षिक गुणस्तर परीक्षण केन्द्रका मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** विद्यालयले संघीय सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

## १६ गाउँपालिका शिक्षा समितिको गठन :

(१) गाउँपालिका क्षेत्र भित्र संचालन हुने बिद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय गर्ने काम समेतको लागि गाउँपालिकामा एक गाउँपालिका शिक्षा समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको गाउँपालिका शिक्षा समितिमा देहायका सदस्यहरु रहने छन् ।

(क) गाउँपालिकाको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकेको व्यक्ति अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) गाउँ कार्यपालिकाको सदस्यहरु मध्येबाट एक जना महिला सहित गाउँ कार्यपालिकाबाट तोकिएको

दुई जना सदस्य

(घ) गाउँ कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक सदस्य

(ङ) समाजसेवी शिक्षा प्रेमीहरु मध्येबाट एक एक जना दलित र महिला सहित गाउँपालिका शिक्षा समितिबाट मनोनीत तीन जना सदस्य

(च) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका बि.व्य.स.अध्यक्षहरु मध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनीत गरेको एक जना
सदस्य

(छ) गाउँपालिका भित्रका संस्थागत विद्यालयका संचालकहरु मध्येबाट गाउँपालिका शिक्षा समितिका अध्यक्षले मनोनीत गरेको एक जना
सदस्य

ज) गाउँपालिका भित्रका प्र.अ हरु मध्येबाट आधारभूत तह र माध्यमिक तह समेतबाट पर्ने गरी गाउँ कार्यपालिकाबाट मनोनीत दुई जना सदस्य

(झ) गाउँपालिका भित्रका शिक्षक महासंघका अध्यक्ष सदस्य

(ञ) गाउँपालिका भित्रको श्रोत केन्द्रको श्रोतव्यक्ति एक जना सदस्य

(ट) गाउँपालिकाका शिक्षा अधिकृत सदस्य-सचिब

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ । मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) गाउँपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शिक्षा सम्बन्धी गाउँ स्तरीय योजना तर्जुमा गर्ने

(ख) सामुदायिक विद्यालयलाई आर्थिक सहयोग पुऱ्याउन वडा समिति लाई अभिप्रेरित गर्ने ।

(ग) गाउँपालिका भित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा संचालन गर्न सहयोग गर्ने ।

(घ) गाउँपालिका भित्रको शैक्षिक गुणस्तर विकासको लागि श्रोत जुटाउन पहल गर्ने ।

(ङ) सामुदायिक विद्यालयहरुको लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्ने ।

(च) गाउँपालिका भित्रका सामुदायिक विद्यालय अन्तर्गतका कक्षा पाँच सम्म संचालित विद्यालयमा, दुर्गम स्थानहरुको हकमा भौगोलिक विकटताको आधारमा र अन्य स्थानहरुको हकमा विद्यार्थी सङ्ख्याको आधारमा न्यूनतम दरबन्दी कायम गर्ने र आधारभूत विद्यालयको कक्षा छ देखि आठ सम्म तथा माध्यमिक विद्यालयको विषयगत आधारमा संघीय सरकारद्धारा उपलब्ध दरबन्दी वितरण, सरुवा र मिलान गर्दा वडा समितिको सिफारीसमा गाउँपालिका शिक्षा समितिले गर्ने ।

(छ) गाउँपालिका भित्र मर्यादित स्वच्छ शैक्षिक वातावरण सिर्जना गर्ने खालका आचार संहिता निर्माण गरी लागू गर्न सहयोग गर्ने ।

(ज) शैक्षिक गुणस्तर वृद्धिको कार्यका आधारमा शिक्षक/कर्मचारीहरुलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने ।

(झ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(५) गाउँपालिका शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## १७. शिक्षकको स्थायी नियुक्ति र बढुवा :

(१) शिक्षकको स्थायी नियुक्ति र बढुवा सम्बन्धि व्यवस्था संघिय कानुनले तोके बमोजिम हुनेछ ।

(२) गाउँपालिका भित्रका विद्यालयमा रिक्त शिक्षक तथा कर्मचारीको पदपूर्ति सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १८.वडा शिक्षा समिति :

(१) वडा क्षेत्रभित्र संचालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहने छ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजको काम गर्न तोकिएको व्यक्ति
अध्यक्ष

(ख) वडासमितिबाट तोकिएको वडासमितिका सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना सदस्य

(ग) सम्बन्धित वडा क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट वडा शिक्षा समितिले मनोनयन गरेको एक जना
सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट वडा शिक्षा समितिबाट मनोनीत एक जना दलित र एक जना महिला सहित दुई जना
सदस्य

(ङ) शिक्षक महासंघको प्रतिनिधि एकजना सदस्य

(च) वडा भित्रका प्रधानाध्यापकहरुमध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनीत गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बञ्चित गरिने छैन।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ।

**१९. सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्ने :** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न आवश्यकता बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ।

**२०.अध्यापन अनुमति पत्र :** अध्यापन अनुमति पत्र सम्बन्धि व्यवस्था संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

**२१.अनुदान दिन सक्ने :** सरुमारानी गाउँपालिकाले गाँउ सभाको निर्णयअनुसार गाँउपालिका अन्तर्गतका सामुदायिक विद्यालयलाई शिक्षक, कर्मचारी तथा भौतिक व्यवस्थापनका लागि देहाय बमोजिम अनुदान दिन सक्नेछ।

(१) संघीय सरकार/प्रदेश सरकारबाट नियमित रुपमा प्राप्त तोकिए बमोजिमको अनुदान

(२) गाउँसभाबाट शिक्षा क्षेत्रका लागि विनियोजित अनुदान

(३) उपदफा (२) वमोजिम विनियोजित अनुदान रकम गाउँकार्यपालिको निर्णय वमोजिम दिइनेछ ।

**२२. अनुदान कटौती नगरिने :** गाउँपालिकाले यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गरिने छैन।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न कुनै वाधा पर्ने छैन।

**२३. छात्रबृतिको व्यवस्था गर्न सक्ने :** गाउँ कार्यपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिमको छात्रबृतिको व्यवस्था गर्न सक्नेछ।

**२४.प्रारम्भिक बालशिक्षा केन्द्रलाई अनुदान दिन सक्ने :** गाउँ कार्यपालिकाले वडा समितिको सहयोगमा खोलिएका शिशु विकास/प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

**२५.प्रारम्भिक बालशिक्षा सम्बन्धि व्यवस्था :** प्रारम्भिक बालशिक्षाको संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २६. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको संचालन, रेखदेख, र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडासमितिका सदस्यहरु मध्येबाट एक जना सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवि, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर पाँच वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दुई लाख वा सो भन्दा बढि नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना दलित महिला सहित तीन जना सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना सदस्य

(ङ) शिक्षक अभिभावक संघको अध्यक्ष पदेन सदस्य

(च) विद्यालयको प्राधानाध्यापक सदस्य सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँस्तरका उद्योग तथा वाणिज्य संघ र घरेलु तथा साना उद्योग महासंघका एक एक जना प्रतिनिधि रहने छन ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क),(ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा श्रोत कक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहने छन ।

(६) गाउँ कार्यपालिका शिक्षा अधिकृत, विद्यालय निरीक्षक र श्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिने छ ।

(७) विद्यालयमा संचालित बालक्लबबाट एक जना छात्र र एक जना छात्रालाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(८) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा अधिकृतले मनोनीत गरेको व्यक्ति अध्यक्ष

(ख) सम्बन्धित वडाको वडाअध्यक्ष वा निजले तोकेको वडा समिति सदस्य सदस्य

(ग) अभिभावकहरु मध्येबाट एक जना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको दुई जना सदस्य

(घ) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्ये बाट वडा शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य

(ङ) सम्बन्धीत विद्यालयका शिक्षकहरुले आफूहरु मध्ये बाट छानी पठाएको एक जना सदस्य

(च) विद्यालयको प्रधानाध्यापक सदस्य-सचिब

(९) उपदफा (१) र (८) बमोजिम मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्ष हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पद बाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१०) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिइएको वा विशेष उदेश्यबाट संचालित वा विशेष शिक्षा संचालन गर्ने कुनै संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन गाउँपालिकाबाट हुन आवश्यक देखिएमा गाउँ कार्यपालिकाले त्यसको कारण खुलाई आफैले गर्न सक्नेछ ।

(११) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कतर्व्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय संचालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अध्यावधिक गराइराख्ने ।

(घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा शिक्षा समिति र गाउँपालिकालाई दिने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको बाताबरण धमिल्याउन नदिने ।

(च) शिक्षा विकास तथा समन्वय इकाई र गाउँ कार्यपालिकाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने ।

(छ) गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट विद्यालयको आर्थिक लेखा परीक्षण गराउने ।

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

(झ) संघीय, प्रदेश सरकार , गाउँ शिक्षा समिति र गाउँपालिकाले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने ।

(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ठ) असल शिक्षक , कर्मचारीहरुलाई पुरस्कारका लागि गाउँपालिका शिक्षा समितिमा सिफारीस गर्ने ।

(१२) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कतर्व्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) विद्यालय संचालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(ङ) संघीय सरकारले लागू गरेको पाठ्क्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा गाउँ कार्यपालिकाको सहमति सहित पाठ्क्रम विकास केन्द्रको स्वीकृति लिने

(च)आयोगबाट अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(छ) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने

(ज) अनुशासनहीन शिक्षकलाई कारवाही गर्ने ।

(झ) सघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले दिएका निर्देशनहरुको पालना गर्ने ।

(१३) शैक्षिक गुठी अन्तर्गत संचालन भएका विद्यालयको संचालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१४) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ

## २७. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :-

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेबारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँपालिकाको शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिका गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

## २८. गाउँ शिक्षा विकास कोष :

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा विकास कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु हुनेछन् ।

(क) संघीय सरकारबाट प्राप्त अनुदान

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

(ग) जिल्ला सम्मन्वय समितिबाट प्राप्त अनुदान

(घ) गाउँ सभाबाट विनियोजित शिक्षामा दिइने अनुदान

(ङ) शिक्षा करबाट उठेको रकम

(च) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको बार्षिक कुल आम्दानीको तोकिए बमोजिमको रकम

(छ) चन्दा, दानदातव्यबाट प्राप्त रकम

(ज) अन्य संघसंस्थाबाट प्राप्त रकम

(झ) अन्य स्रोतबाट प्राप्त रकम

## २९. कोष संचालक समिति :

(१) गाउँ शिक्षा विकास कोषको संचालन गर्नको लागि देहायका सदस्यहरु रहेको एक कोष संचालक समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

(ख) गाउँ कार्यपालिकाका सामाजिक विकास समितिको संयोजक सदस्य

(ग) गाउँपालिका आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(घ) सामुदायिक तथा संस्थागत विद्यालयको विद्यालय ब्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको एक जना सदस्य

(ङ) गाउँपालिकाको शिक्षा अधिकृत सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोष संचालक समितिको काम, कतर्व्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

**३०. काम, कतर्व्य र अधिकार :** गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत र स्रोतव्यक्तिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## ३१. विद्यालय कोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ ,जसमा देहायका रकमहरु रहने छन् :

(क) संघीय सरकारबाट प्राप्त अनुदान

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

(ग) जिल्ला सम्मन्वय समितिबाट प्राप्त अनुदान

(घ) शिक्षा विकाश तथा समन्वय इकाईबाट प्राप्त अनुदान

(ङ) गाउँपालिकाबाट प्राप्त अनुदान

(च) चन्दाबाट वा दानदातव्यबाट प्राप्त रकम

(छ) विभिन्न संघ संस्थाबाट प्राप्त रकम

(ज) शुल्कबाट उठेको रकम

(झ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको संचालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

## ३२. निर्देशन दिन सक्ने :

(१) संघ , प्रदेश, जिल्ला समन्वय समिति ,शिक्षा विकास तथा समन्वय इकाई , गाउँ कार्यपालिकाले आवश्यकता अनुसार गाउँपालिका शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु गाउँपालिका शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कतर्व्य हुनेछ ।

## ३३. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :

गाउँपालिका वा तोकिएको अधिकृतले गाउँपालिका शिक्षा समितिको राय लिई संचालन भइरहेका कुनै विद्यालयलाई एक स्थान बाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न वडा शिक्षा समितिको सिफारिसमा अनुमति वा स्वीकृति दिनसक्नेछ ।

## ३४. विद्यालयको सम्पत्ति :

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य कुनै विद्यालयलाई दिन वा आफूले प्रयोग गर्न वा बेचबिखन गरी प्राप्त रकम गाउँ शिक्षा कोषमा राख्न सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहने छ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिका शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको सिफारिसमा संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको सिफारिसमा संघीय सरकारको स्वीकृति वेगर बेचबिखन गर्न पाईने छैन ।

## ३५. विद्यालयलाई छुट र सुविधा :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तूर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठिको रुपमा संचालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिय बमोजिम हुनेछ ।

## ३६. अनुमति वा स्वीकृति रद्द गर्ने :

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिका शिक्षा समिति मार्फत गाउँ कार्यपालिकाको निर्णय अनुसार त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३७. विद्यालयको वर्गीकरण :** विद्यायललाई तोकिएको आधारमा वर्गीकरण गरिने छ ।

## ३८. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने बाताबरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरि विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) विद्यालयलाई शान्ति क्षेत्रको रुपमा घोषणा गरी बन्द हडतालको बेला विद्यालय बन्द गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ

## ३९. शुल्क सम्बन्धि व्यवस्था :

(१) संघीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिइएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय सरकारले आवश्यक व्यवस्था गरे बमोजिम हुनेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिने छ ।

(५) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(८) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क तोकिएको अधिकृतबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा गाँउपालिका शिक्षा समितिले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा मापदण्ड निर्धारण गरी शुल्क तोक्न सक्ने छ ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शुल्क लिएमा तोकिएको अधिकृतले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकृतले पच्चीस हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ

## ४०. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न एक शिक्षक महासंघ रहने छ ।

(२) शिक्षक महासंघ गाउँपालिकास्तरमा गठन गर्न सकिने छ ।

(३) शिक्षक महासंघको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

(४) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ ।-

(क) पदीय दायित्व पूरा नगरेको प्रमाणित भएमा ।

(ख) विनासूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको प्रमाणित भएमा

स्पष्टिकरण : यस खण्डको प्रयोजनको लागि कार्यकारिणी समिति भन्नाले राजनितिक दलको विधान वमोजिम गठित केन्द्रीय स्तर ,प्रदेश स्तर , जिल्ला स्तर वा स्थानीय स्तरका सांगठनिक जिम्मेवारी सम्भन्नु पर्दछ ।

(५) स्थायी आवासीय अनुमति लिन नहुने : स्थायी आवासीय अनुमति सम्वन्धि व्यवस्था संघीय शिक्षा ऐन बमोजिम हुनेछ

**४१. शैक्षिक योग्यता :** विद्यालयका शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**४२. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** गाउँपालिका शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने द्यिार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

## ४३. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धि काममा बाहेक अन्य काममा लगाउन हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, प्राकृतिक प्रकोप वा संघ , प्रदेश , गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ ।

## ४४. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :

(१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मिति सम्मको पूरा तलब भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउने छ ।

(३) द्वन्द्वको कारणबाट विस्थापित भएका शिक्षकहरुको पुनर्वहालीको व्यवस्था संघीय सरकारले गरे बमोजिम हुनेछ ।

## ४५. शिक्षकको सरुवा :

(१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फारम भरी वडा समितिको सिफारिस सहित गाउँकार्यपालिका शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिका शिक्षा समितिले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई गाउँपालिका भित्र सरुवा गर्न सक्नेछ । अन्य ठाउँको हकमा सम्बन्धीत निकायमा सिफारीस गर्न सकिनेछ ।

तर त्यसरी सरुवा गर्दा दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिको सहमति र गाउँपालिका शिक्षा समितिको निर्णय अनुसार शिक्षा अधिकृतले गर्नु पर्नेछ । अन्य गाँउपालिका वा नगरपालिकाबाट सरुवा भई

आउन चाहने शिक्षकले सम्बन्धित विद्यालय व्यावस्थापन समितिको निर्णय तथा गाँउपालिका वा नगरपालिकाको सहमति निवेदनसाथ पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा एक बर्ष भन्दा बढी सेवा अवधि पूरा गरेको शिक्षकलाई तोकिए बमोजिमको मापदण्डका आधारमा गाउँपालिका भित्रको कुनै पनि विद्यालयमा सम्बन्धित क्षेत्रको वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिको निर्णय अनुसार सरुवा गर्न सक्नेछ ।उपदफा १ र २ बमोजिम सरुवा गर्दा गाउँपालिका शिक्षा समितिले शिक्षा विकास तथा समन्वय इकाईको पूर्व स्वीकृति लिनु पर्ने छ ।

**४६. संस्थागत विद्यालयको हकमा लागू नहुने :** यस ऐनमा लेखिए देखि बाहेक दफा २१,२२,३३,४०,४४ र ४५ मा उल्लेखित व्यवस्थाहरु संस्थागत विद्यालयको हकमा लागू हुने छैन ।

**तर**
(१) दफा (३३) बमोजिम कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्ने सम्बन्धि व्यवस्था संस्थागत विद्यालयको हकमा समेत लागू हुनेछ ।
(२) संस्थागत विद्यालयको नाम परिवर्तन गर्ने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४७. संस्थागत विद्यालयले छात्रबृति उपलब्ध गराउनुपर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संङ्ख्याको कम्तिमा दश प्रतिशतमा नघटने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, दलित, छात्रा, जनजाति वा द्वन्द पिडित विद्यार्थीलाई अनिवार्य रुपमा निःशुल्क छात्रबृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रबृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, वडा समितिको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिको सदस्य रहेको एक छात्रबृत्ति छनौट समिति रहने छ ।

(३) उपदफा (१) बमोजिम छात्रबृत्तिका लागि बिद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

## ४८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :

दफा (४४) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

## ४९. कर्मचारी सम्बन्धि व्यवस्था :

(१) सामुदायिक विद्यालयमा संघ , प्रदेश र गाउँपालिकाले स्वीकृत गरेबमोजिमको संङ्ख्यामा कर्मचारीको दरबन्दी रहने छ

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) रिक्त शिक्षक तथा कर्मचारी दरबन्दीमा पदपूर्तिका लागि गाउँ कार्यपालिकाले शिक्षा विकास तथा समन्वय इकाईसंग समन्वय गरी गर्नेछ ।

## ५०. बालबालिकालाई निष्काशन गर्न, शारिरीक वा मानसिक दुर्व्यबहार गर्न नहुने :

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्यनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

## ५१. अनुमति नलिई शैक्षिक परापर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न नहुने :

कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परापर्श सेवा, कोचिङ्ग कक्षा,बृज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचलान गर्न पाइने छैन ।

**५२. प्रगति विवरण बुझाउनु पर्ने :** सामुदायिक ,संस्थागत, गुठि र सहकारी अर्न्तगत संचालित सम्पूर्ण विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको शिक्षा शाखामा अनिवार्य रुपले बुझाउनु पर्नेछ ।

## ५३. दण्ड सजाय :

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाँउपालिका शिक्षा समितिले तोकेको अधिकृतले विगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछ :-

(क) प्रश्न पत्रको गोपनियता भङ्ग गरेमा

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवार पूर्ण कार्य गरेमा

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा

(ङ) अर्काको तर्फबाट परीक्षा दिएमा

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा

(छ) विद्यार्थी भर्ना गर्दा अभिभावकबाट स्वैच्छिक चन्दा वा दान , दातव्य वाहेक अन्य रकम लिएको भएमा

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परापर्श सेवा, बृज कोर्ष, कोचिङ्ग कक्षा भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा संचालन गरेमा

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकृतले वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखी मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुने छ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम बिभागीय सजाय गरिने छ ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकृतले देहायबमोजिम सजाय गर्न सक्नेछ ।

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रबास वा परीक्षाबाट निष्काशन गर्ने

(ग) कसूरको मात्रा हेरी एक हजार देखि पच्चीस हजार रुपैयाँ सम्म जरिवाना गर्ने

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने

## ५४.सम्पत्ति सम्बन्धि मुद्दाको तहकिकात र दायरी :

(१) दफा (५३) को उपदफा (१) बमोजिम सजाय हुने कसुर सम्बन्धि मुद्दाको तहकिकात तोकिएको अधिकृतले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकृत समक्ष सम्बन्धित विद्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकृतले गाउँ कार्यपालिकाको कानुनी सल्लाहाकारसंग राय सल्लाह लिन सक्नेछ ।

**५५.मुद्दा हेर्ने अधिकारी :** दफा (५३) को उपदफा (१) र (४) बमोजिम सजाय हुने कसूर सम्बन्धि मुद्दा संघीय शिक्षा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## ५६. नियम बनाउने अधिकार :

(१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएका अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्धारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछन् ।

(क) विद्यालयको झण्डा, चिन्ह, प्रार्थना र नामाकरण

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असूल गर्ने तरिका

(ग) विद्यालयलाई दिइने अनुदान

(घ) विद्यालयको परीक्षा

(ङ) विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण

(च) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीको सङ्ख्या

(छ) विद्यालयको सम्पत्तिको सुरक्षा

(ज) विद्यालयको छात्राबास चलाउने

(झ) विद्यालयको आय, व्यय जाँच

(ञ) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका

(ट) शिक्षक, अभिभावक तथा विद्यार्थीको आचार संहिता

(ठ) विद्यालयको पुस्तकालय र वाचनालय

(ड) सह शिक्षा

(ढ) शिक्षण तथा विद्यालय व्यवस्थापन तालिम

(ण) प्रधानाध्यापक नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कतर्व्य र अधिकार तथा सुविधा

(त) विद्यालयका शिक्षकहरुको सेवा शर्त सम्बन्धी

(थ) सहकारी शिक्षा सम्बन्धी

(द) आवासीय विद्यालय सम्बन्धी

(ध) विद्यालय नक्साङ्कन, सार्ने, गाभ्ने वा अनुमति स्वीकृति सम्बन्धी

(न) विशेष शिक्षा

(प) अनौपचारिक शिक्षा

(फ) दुर शिक्षा तथा खुला शिक्षा एवम् बैकल्प शिक्षा

(ब) गाउँ शिक्षा कोष

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा

(म) कोचिङ्ग क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा संचालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी

(य) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी

(र) विद्यार्थी प्रोत्साहन र छात्रबृत्ति

(ल) स्थानिय पुस्तकालय, वाचनालय र सिकाई केन्द्र सम्बन्धी

(व) शिक्षक र कर्मचारीको तालिम सम्बन्धी

(श) स्थानीय पाठ्क्रम सम्बन्धी

(ष) भौतिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापन

(स) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको प्रयोग तथा संरक्षण र स्तरीकरण

(ह) नमुना विद्यालय सम्बन्धी मापदण्ड

(क्ष) उच्च शिक्षा अनुदान

**५७.निर्देशिका बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५८. बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकालाई त्यस्तो बाधा अड्काउ हटाउन आदेश दिन सक्नेछ ।

## ५९. बचाउ र खारेजी :

(१) गाउँपालिका शिक्षा ऐन २०७५ लागू हुनु पुर्व शिक्षा सम्बन्धी भए गरेका सम्पूर्ण काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ । यो ऐन संघीय र प्रादेशिक कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचालित कानून बमोजिम हुने छ ।

आज्ञाले
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत